नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(......................................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ..............................

## प्रेस विज्ञप्ति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७२ साल चैत्र २१ गतेका दिन मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको समुस्थितिमा नेपाल सरकारका सचिवहरु, सहसचिवहरु र विभागका महानिर्देशक एवं उपमहानिर्देशकहरुसंग पूँजीगत खर्चको अभिवृद्धि, तल्काल सुधार योजनाको कार्यान्वयन र विकासमा जलवायु अनुकुलन सम्बन्धी विषयहरुमा छलफल भई देहाय बमोजिमका निर्णयहरु भएकोले सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

निर्णयहरुः

१. नेपाल सरकारका विभिन्न विभागहरु बीच समन्वयलाई प्रभावकारी बनाउनका लागि नीतिगत बिषयहरुमा बाहेक आ-आफ्नो क्षेत्राधिकार भित्र रही देहायका बिषयहरुमा एक विभागले अर्को विभागसँग सिधा सम्पर्क, समन्वय र संचार कायम गर्ने ।
   (क) प्राविधिक बिचारहरुको आदानप्रदान
   (ख) समस्या समाधानका लागि गर्नुपर्ने अन्तर विभागहरु बीचको छलफल
   (ग) बिशेषज्ञ सेवा लिने बिषय
   (घ) कुनै विभागसँग सम्बन्धित सूचना एवं तथ्याङ्क
   (ङ) विभागलाई कानूनले अधिकार प्रदान गरेको बिषय

१. प्रत्येक विभागका विभागीय प्रमुखहरुले आफू मातहत उपमहानिर्देशक लगायतका पदाधिकारीहरुलाई कानून बमोजिम अधिकार प्रत्यायोजन गर्ने र विभागका महानिर्देशक र मातहतका पदाधिकारीहरु बीच सूचकमा आधारित रही कार्य सम्पादन करार गर्ने व्यवस्थालाई तदारुकताका साथ कार्यान्वयन गर्ने साथै कार्य सम्पादन करार र अधिकार प्रत्यायोजन गरेको विवरणहरु विभागको Website मा राख्ने व्यवस्था मिलाउने।

२. पूँजीगत खर्चको प्रगति अत्यन्त न्यून रहेको सन्दर्भमा यस आ.ब. को असार मसान्तसम्ममा कुनै पनि कार्यालय प्रमुख वा आयोजना प्रमुखलाई सरुवा नगर्ने एवं काजमा नराख्ने । प्रत्येक आयोजना प्रमुख र कार्यालय प्रमुखहरुलाई शारीरिक अस्वस्थताको कारण बिरामी विदा बाहेक कार्यस्थलमा रहने व्यवस्था मिलाउन निर्देशन दिने र सो को प्रतिवद्धताका साथ कार्यान्वयन गर्ने । यस आ.व. को बाँकी अवधिमा गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रमहरुमा केन्द्रमा बोलाउने कार्यलाई निरुत्साहित गर्ने ।

३. आगामी आ.व. को बजेट तर्जुमा गर्दा चालू आयोजनाहरु पुरा गर्ने तर्फ बिशेष ध्यान दिई आधारभूत सेवा उपलब्ध गराउने बाहेक नयाँ र स-साना आयोजनाहरु थप गर्ने कार्यलाई निरुत्साहित गर्ने।

२०७२।१२।२२

सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(....................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :
मिति : ..............................

४. प्रत्येक विभागीय प्रमुखले आफू समक्ष प्राप्त कुनै प्रस्ताव वा निर्णयको व्यहोरामा Critical Analysis सहितको राय उपलब्ध गराउने।

५. विकास निर्माण कार्यको गुणस्तरीयता सुनिश्चित गर्न प्रत्येक विभागले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्ने । सो को लागि गुणस्तर सुनिश्चितता अभियान संचालन गर्ने ।

६. बेरुजू फछ्र्यौट कार्यलाई प्राथमिकता दिई फछ्र्यौट गर्ने गराउने ।

७. जनतालाई सेवा प्रवाह गर्ने विषयमा विशेष ध्यान दिई प्रभावकारी कार्य सम्पादनको व्यवस्था मिलाउने।

८. भौगोलिक अवस्थितिका कारण खानेपानी वितरणमा Lift प्रविधि उपयोग गरी वितरण गर्नुपर्ने गाउँ विकास समितिका जनतालाई राहत दिन विद्युतमा लाग्ने डिमाण्ड शुल्क र विद्युत महसूल लागत सहभागिता नीति बनाई निश्चित प्रतिशत अनुदान दिई खानेपानी वितरण गर्ने व्यवस्था मिलाउने ।

९. काठमाण्डौ उपत्यका लगायतका ठूला शहरहरुमा सडक विस्तार गर्दा डिजाइनमा नै सार्वजनिक यातायातका लागि Bus Rapid Transit विकास गर्ने व्यवस्थालाई अध्ययन गर्ने गराउने व्यवस्था गर्ने।

१०. आयोजना तर्जुमा र कार्यान्वयन गर्दा वातावरण अनुकुलन र प्रकोप न्यूनीकरणका विषयलाई अनिवार्य रुपमा समावेश गर्ने ।

११. गुणस्तरीय पूर्वाधार विकासको आवश्यकता मनन गरी पूर्वाधारको गुणस्तर, उपयोग, संभार व्यवस्था जस्ता विषयमा विशेष ध्यान दिने ।

१२. आयोजना तर्जुमा गर्दा "बजेट पहिले" भन्ने नीति हटाई "आयोजना अध्ययन पहिले" भन्ने नीति कायम गर्ने। अध्ययनका लागि मात्र बजेट छुट्याई अध्ययन प्रतिवेदन तथा प्राविधिक तयारी पुगेपछि मात्र आयोजना शुरु गर्ने व्यवस्था गरी गुणस्तर सुनिश्चित गर्ने ।

१३. विभागले मातहत निकायको डिजाइन,ड्रइङ्ग र निर्माण कार्य Sample Basis को आधारमा आन्तरिक परीक्षण गर्ने व्यवस्था गर्ने ।

(विनोद बहादुर कुँवर) सहसचिव 2072/12/23
प्रवक्ता/सहसचिव

२०७२।१२।२३

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np